# डब्ल्यूडब्ल्यूएफ-इण्डिया
# गुनासो निवारण संयन्त्र

डब्ल्यूडब्ल्यूएफ इण्डियाले आफ्नो स्थान-आधारित गतिविधिहरूद्वारा प्रभावित हुनसक्ने समुदाय (हरू) द्वारा उठाइएका चिन्ताहरू प्राप्त गर्न र प्रतिक्रिया दिन एउटा संयन्त्र स्थापना गरेको छ। डब्ल्यूडब्ल्यूएफको सिद्धान्तहरूका कथन र पर्यावरण एवं सामाजिक सुरक्षा ढाँचा (ईएसएसएफ)-को विशेषगरी गुनासो संयन्त्रमा सुरक्षा र कार्यान्वयनलाई दह्रिलो बनाउनका लागि यस्तो गरिएको हो। यसबाट डब्ल्यूडब्ल्यूएफ सुरक्षा प्रक्रियालाई प्रभावकारी कार्यान्वयन पनि सम्भव हुनेछ तथा डब्ल्यूडब्ल्यूएफ-इण्डियाको कार्यको पर्यावरणीय अनि सामाजिक परिणाममा पनि सुधार हुनेछ। यो संयन्त्र डब्ल्यूडब्ल्यूएफ-इण्डियाको अखण्डता, पारदर्शिता र उत्तरदायित्वको नैतिक प्रतिबद्धताहरूको पनि एक आवश्यक अंश हो। गुनासोको समाधान संवाद, सहयोग र आपसी सहमतिमा आधारित हुन्छ। गुनासो/उजुरीहरूलाई समयमै र प्रभावकारी रूपमा सम्बोधन गर्नाले द्वन्द्व समाधान गर्न, आपसी समझदारीमा सुधार, जवाफदेहितालाई बलियो बनाउन र बढ्दो सहयोगको लागि आधार प्रदान गर्छ।

**कसले गुनासो गर्न सक्छन् अनि को प्रभावित पक्ष हुन्**

कोही पनि सामुदायिक समूह (कम्तिमा दुई वा अधिक व्यक्ति) अथवा सामुदायिक संस्थाले डब्ल्यूडब्ल्यूएफ-इण्डियाद्वारा क्रियान्वित कुनै पनि स्थान आधारित गतिविधिबाट नकारात्मक रूपले प्रभावित भएको छ वा हुनसक्छ भन्ने मान्दछ। डब्ल्यूडब्ल्यूएफ-इण्डियाको तर्फबाट कुनै पनि डब्ल्यूडब्ल्यूएफ-इण्डिया स्थान आधारित गतिविधिको डिजाइन वा कार्यान्वयनमा प्रमुख कथन र सुरक्षा उपायहरूलाई पालन गर्नमा विफलताको कारण "प्रभावित पक्ष" मानिन्छ। कोही पनि प्रभावित पक्षले गुनासो/उजुरी दर्ता गर्न सक्छन्।

प्र प्रभावित पक्षले कोही व्यक्ति वा संगठन (प्रतिनिधि) मार्फत डब्ल्यूडब्ल्यूएफ-इण्डियासमक्ष गुनासोको सम्बन्धमा आफ्नो तर्फबाट बोल्न अनुरोध पनि गर्न सक्छन्।

भावित पक्षको तर्फबाट गुनासो/उजुरी दर्ता गर्ने प्रतिनिधिहरुले उनीहरुको प्रतिनिधित्व गर्ने अख्तियारको ठोस प्रमाण पेस गर्नु पर्दछ। प्रतिनिधिका केही उदाहरणहरू हुनसक्छन्: यदि उनीहरूले प्रभावित पक्षले अनुरोध गरेको ठोस प्रमाण देखाउन सक्छन् भने गाउँ प्रमुख जस्तै समुदायबाट अख्तियारवाला व्यक्तित्व, परम्परागत वा प्रथागत अधिकारी, स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था।

पञ्चायतबाट कम्तिमा १० गाउँका सदस्यहरूले सह-हस्ताक्षर गरेको पत्र, ठोस प्रमाण ग्राम सभाको प्रस्ताव हुनसक्छ।

अनाम (नाम नलेखिएको) उजुरीहरुको गणना गरिनेछैन, तर उजुरीकर्ताहरुले आफ्नो गोपनियताको अनुरोध गर्न सक्छन्।

**गुनासो/उजुरी पेश गर्नका लागि ढाँचा :**

गुनासो/उजुरीमा निम्न जानकारी समावेश हुनपर्छ;

- उजुरीकर्ताको नाम अनि सम्पर्क सूचना (यदि उजुरीकर्ताद्वारा प्रत्यक्ष रूपमा दर्ता गरिएको छैन भने, प्रभावित पक्षको प्रतिनिधित्व गर्नेहरूलाई त्यसो गर्ने अधिकार छ भन्ने प्रमाण)
- सरोकारको परियोजना वा कार्यक्रम र गुनासो/उजुरीको विशिष्ट स्थान
- विशिष्ट गुनासो/उजुरीको विवरण र घटनाको मिति
- सामना गरिएका नकारात्मक प्रभाव(हरू)
- कुनै अन्य सान्दर्भिक जानकारी वा कागजातहरू
- डब्ल्यूडब्ल्यूएफ-इण्डिया/ यसको कार्यान्वयन साझेदारहरूलाई सम्पर्क गर्ने सहित उजुरीकर्ताद्वारा मुद्दा उठाउन/समाधान गर्नका लागि गरिएका कुनै पनि प्रयासहरू
- गोपनीयता अनुरोध गरिएको छ/छैन (कारण बताउँदै)

गुनासो/उजुरी अंग्रेजी, हिन्दी वा कुनै पनि स्थानीय भाषामा दर्ता गर्न सकिन्छ।

**गुनासो/उजुरीका लागि मापदण्ड**

"गुनासो" भनेको समुदाय (हरू) बाट प्रत्यक्ष रूपमा आउने चिन्ताहरू हुन् जसले उनीहरूलाई डब्ल्यूडब्ल्यूएफ-इण्डियाको विशेष गरी सामाजिक र वातावरणीय जोखिमहरूसँग स्थान-आधारित कामबाट प्रभावित भएको महसुस गर्छन्। थप रूपमा, "गुनासोहरू" डब्ल्यूडब्ल्यूएफ-इण्डिया र यसको कामको बारेमा जो कोहीले उठाएका सुझाउहरू र चिन्ताहरू हुन्।

**गुनासो प्राप्त गर्ने संयन्त्र**

गुनासो/उजुरीहरू डब्ल्यूडब्ल्यूएफ इण्डियामा ईमेल आईडी: grievances@wwfindia.net वा पोस्टमार्फत गुनासो पठाउन सकिन्छ।
निवारण, सी/ओ मानव संसाधन, डब्ल्यूडब्ल्यूएफ-इण्डिया, 172 बी लोदी रोड नयाँ दिल्ली 110003

---

[1]'समुदाय (हरु) भन्नाले आदिवासी वा अन्य स्थानीय समुदाय समूह अथवा डब्ल्यूडब्ल्यूएफ-इण्डिया परिदृश्यमा अवस्थित यसका सदस्यहरू र जससँग डब्ल्यूडब्ल्यूएफ-इण्डिया काम गर्दछ।